# पुर्वीचौकी गाउँपालिकाको अनुगमन तथा मुल्याङकन कार्यविधी, २०७७

## प्रस्तावना

पुर्वीचौकी गाउपालिकाद्धारा सञ्चालित योजना, आयोजना तथा कार्यक्रमलाई अनुगमन तथा मूल्याङकनको माध्यमबाट पारदर्शी, दिगो र जनसहभागिता मुलक बनाई शुसासन प्रवर्द्धन गर्दै नतिजामुखी बनाउन बान्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफाँ १०२ ले दिएको अधिकार प्रयोग गरी पुर्वीचौकी गाउपालिकाले यो कार्यविधी बनाएको छ,।

## परिच्छेद -१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधीको नाम **'पुर्वीचौकी गाउकार्यपालिकाको अनुगमन तथा मुल्याङकन कार्यविधी,** २०७७' रहेको छ।

(२) यो कार्यविधी स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा।

(क) **कार्यविधी भन्नाले** 'पुर्वीचौकी गाउकार्यपालिकाको अनुगमन तथा मुल्याङकन कार्यविधी, २०७७' लाई सम्झनु पर्दछ।

(ख) **गाउँपालिका भन्नाले** पुर्वीचौकी गाउकार्यपालिकाको कार्यालय सानागाउ, डोटीलाई सम्झनु पर्दछ।

(ग) **अनुगमन भन्नाले** योजना, आयोजना तथा कार्यक्रमहरुमा लगानी तथा श्रोत साधनको प्रवाह समुचित ढङ्गले भएको छ/छैन र कार्यतालिका अनुसार क्रियाकलापहरु कार्यान्वयन भई अपेक्षित उपलब्धी हासिल भएको छ/छैन भनी गाउकार्यपालिकाद्धारा तोकिएका पदाधिकारी तथा कर्मचारीहरु द्धारा निरन्तर र आवधिक रुपमा निगरानी राख्ने कार्यलाई सम्झनु पर्दछ।

(घ) **मुल्याङकन भन्नाले** कार्यान्वयन गरिएका योजना, आयोजना तथा कार्यक्रमहरु हालको समयमा के कति सान्दर्भिक, लाभदायी र प्रभावकारी छन् तथा के कस्ता उपलब्धी एवं प्रभावहरु हासिल भएका छन् भन्ने कुरा लेखाजोखा गर्ने कार्य सम्झनु पर्दछ।

(ङ) **अनुगमन मुल्याङकन समिति** भन्नाले दफा १ को उपदफाँ (१) बमोजिम गठित गाउपालिकास्तरको अनुगमन तथा मुल्याङकन समिति सम्झनु पर्दछ।

## परिच्छेद -२

## अनुगमन तथा मुल्याङकन समिति

३. **अनुगमन तथा मुल्याङन समिती :** (१) गाउँपालिकामा सञ्चालित योजना, आयोजना तथा कार्यक्रमलाई नतिजामुखी बनाउन देहायका सदस्यहरु रहेको एक अनुगमन तथा मुल्याङन समिति रहनेछ:

| | |
|---|---|
| (क) गाउपालिकाको उपाध्यक्ष | संयोजक |
| (ख) वडा अध्यक्ष (सम्बन्धित वडा ) | सदस्य |
| (ग) पुर्वाधार विकास शाखाका प्रमुख | सदस्य (साइट इन्चार्ज ) |
| (घ) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| (ङ) योजना तथा अनुगमन शाखाको प्रमुख | सदस्य सचिव |

तर, उक्त समितिका सदस्यका अतिरिक्त योजनाहरुको गुणस्तरियता कायम गर्नका लागि अध्यक्ष स्वयम योजनाहरुको विशेष अनुगमन गर्न वाधा पुगेको मानिने छैन ।

(२) गाउपालिका वा वडा स्तरबाट संचालित रु. ५ लाख भन्दा बढीका योजनाहरुको हकमा योजनाको सार्वजनिक परिक्षण गर्दा गाउपालिकाबाट तोकिएको जनप्रतिनिधीको रोहबरमा गर्नु पर्नेछ र सो समयमा योजना अनुगमन समितिका पदाधिकारीको समेत सहभागिताको लागि प्रयास गरिनेछ ।

(३) गाउपालिकाबाट सञ्चालित योजना आयोजना तथा कार्यक्रमको सार्वजनिक सुनुवाई अनिवार्य गरिने छ ।

४. **अनुगमन तथा मुल्याङकन समितिको काम, कर्तव्य र अधिकार:** (१) दफा ३ को उपदफा (१) बमोजिम गठित गाउपालिका स्तरको अनुगमन तथा मुल्याङकन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) गाउपालिकामा सञ्चालित आयोजना तथा कार्यक्रमको नियमित वा आवधिक अनुगमन तथा मुल्याङकन गर्ने ।

(ख) योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा गाउ सभा तथा गाउ कार्यपालिकाबाट भएका निर्णय तथा निर्देशनहरु कार्यान्वयन गर्ने। गराउने ।

(ग) योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा उत्पन्न भएका विवादहरु उचित ढंगले व्यवस्थापन गर्ने ।

(घ) अनुगमन तथा मुल्याङकनको प्रतिवेदन तयार गरी गाउँ कार्यपालिकाको बैठकमा पेश गर्ने ।

(ङ) गाउ सभा, गाउ कार्यपालिका तथा अध्यक्षले तोकेका कार्यहरु गर्ने ।

(च) अनुगमन तथा मुल्याङकनका क्रममा उपभोक्ता समिति वा प्राविधिकबाट कुनै किसिमको मात्रात्मक वा गुणात्मक कमी कमजोरी गरेको वा प्राविधिक इस्टिमेट बमोजमको कार्य नभएको पाईएमा कार्वाहीका लागि सिफारिस गर्ने ।

CamScanner

५. **आयोजनाको प्रभाव मुल्याङ्कन :** (१) रु ५ करोड भन्दा बढी लागतका आयोजनाहरुको योजना सम्पन्न भएको २ वर्षभित्र तेस्रो पक्षबाट प्रभाव मुल्याङ्कन गराउनु पर्नेछ ।

(२) वडा स्तरीय समितिबाट प्राप्त अनुगमन मुल्याङ्कनका आधारमा भएको सिफारिस उपर कुनै गुनासो आएमा वा आवश्यक ठानेमा गाउ स्तरीय समितिबाट अनुगमन गरिनेछ ।

६. **अनुगमन तथा मुल्याङ्न समितिका सदस्यहरुको सुविधा :** (१) दफा ३ को उपदफा (१) बमोजिमको अनुगमन तथा मुल्याङ्कन समितिका पदाधिकारी तथा कर्मचारीहरुको देहायको दरमा अनुगमन सुविधा प्राप्त गर्नेछन् ।

(क) अनुगमन प्रतिदिन रु १०००।००

७. **अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन :** दफा ३ को उपदफा (१) बमोजिम गठित अनुमगन तथा मुल्याङ्कन समितिले अनुसुची १ बमोजिमको ढाँचामा अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन तयार गरी गा.पा अध्यक्ष मार्फत कार्यपालिका बैठकमा पेश गर्नु पर्नेछ ।

८. **प्रतिवेदन पेश गर्ने अवधि :** (१) दफा ३ को उपदफा (१) बमोजिमको समितिले अनुसुची १ बमोजिमको प्रतिवेदन एक महिना भित्र गाउ कार्यपालिकाको बैठक समक्ष पेश गर्नु पर्नेछ ।

९. **बाधा अड्काउ फुकाउ तथा संशोधन :** (१) यो कार्यविधी कार्यान्वयनको सन्दर्भमा कुनै बाधा अड्काउ परेमा गाउ कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

(२) यस कार्यविधिमा थपघट गर्ने अधिकार प्रचलित कानुनको अधिनमा रही गाउकार्यापालिकाको हुनेछ ।

CS CamScanner

अनुसुची १
परिच्छेद ४ को दफा ७ संग सम्बन्धित
पुर्वीचौकी गाउँपालिका सानागाउ, डोटी

श्री अध्यक्ष ज्यू
पुर्वीचौकी गाउकार्यपालिको कार्यालय सानागाउ, डोटी

पुर्वीचौकी गाउपालिकाको गाउ सभाले आ.व २०७७/०७८ मा सञ्चालनका लागि पारित गरेको तपसिल बमोजिमको योजना सञ्चालन पश्चात गाउपालिका स्तर/वडा स्तरीय अनुमगन टोलीले योजनाको अनुगमन गरी पेश गरेको अनुगमन प्रतिवेदन

१. योजनाको नाम : ..........................................................................
२. योजना सञ्चालन भएको स्थान: ..........................................................................
३. विनियोजित रकम ............... जनश्रमदान ........................... कुल लागत ...........................
४. सम्झौता मिति ..................... सम्पन्न गर्नुपर्ने मिति ...................... सम्पन्न भएको मिति ........................
५. अनुगमनका क्रममा देखिएका कुराहरु :

| सि.न | व्यहोरा | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १ | स्वीकृत लागत अनुमान बमोजिमको कार्य | | | |
| २ | उपभोक्ता समितिको तर्फबाट जनश्रमदान | | | |
| ३ | सार्वजनिक परिक्षण (उपस्थित संख्या समेत उल्लेख गर्ने) | | | |
| ४ | आयोजना सुचना पाटी (सबैले देख्ने ठाउँमा) | | | |

६. आयोजना सञ्चालनमा देखिएका सम्स्याहरु :
१...............................................................
२...............................................................

७. अनुगमन समितिको सुझावहरु :
१...............................................................
२...............................................................

..............................................................................
उपभोक्ता समिति अध्यक्ष/पदाधिकारीको दस्तखत
नामः

८. अनुगमन समितिको निष्कर्ष :
..............................................................................................................

९. अनुगमनमा संलग्न, पदाधिकारीहरु

| सि.न | नाम, थर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

१०. आमन्त्रित :

| सि.न | नाम, थर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

आज्ञा ले
नाम : ..............................
सदस्य सचिव

CamScanner